## पाठ - 5
## प्रलयको दिन

## الدرس الخامس - نيبالي
## قيام الساعة

२ - कयामत मात्र पापी र नराम्रो व्यक्तिहरु माथि कायम हुन्छ, कयामत कायम हुने भन्दा पहिला अल्लाह तआलाले यस्तो हावा पठाउनेछन् जसले गर्दा सबै मोमिनहरुको मृत्यु भइहाल्छ , र त्यस पछि जब अल्लाह आफ्नो सबै सृष्टिलाई नष्ट गरि संसारको अन्त चाहनु हुनेछ भने फरिशतालाई सुर (एउटा ठुलो शंख जस्तो) फुँकने आदेश दिनेछन् र मानिसहरु त्यो सुरको आवाज सुनेपछी बेहोश भइहाल्नेछन्, अल्लाह तआलाले भन्नु भयो:

وَنُفِخَ فِي الصُّورِ فَصَعِقَ مَنْ فِي السَّمَاوَاتِ وَمَنْ فِي الْأَرْضِ إِلَّا مَنْ شَاءَ اللَّهُ [الزُّمر:٦٨]

जब सुर फुकिनेछ तब जो आकाशमा छन् र जो धरतिमा छन् सबै मुर्छित भइ ढल्ने छन् , तर मात्र जसलाई अल्लाहले चाहन्छ र यो शुक्रवारको दिन हुन्छ, त्यस पछि सबै फरिशताहरुको पनि मृत्यु भइहाल्छ, र अल्लाह बाहेक कोहि पनि जीवीत रहने छैन ।

३ - मनुष्यको सम्पूर्ण शरिर धर्तिमा मिश्रित भएर समाप्त भइहाल्छ मात्र कम्मरको तलको एउटा हाड बाँचने छ , तर नबी र शहीदहरुको शरिरलाई धरतिले खाँदैन, फेरि अल्लाह आकाशबाट पानी बर्साउने छन् र सबै शरिरहरु आफ्नो आफ्नो रुपमा परिवरतित भइहाल्छन, र त्यस पछि जब अल्लाहले मानिसहरुलाई जिउँदो गर्न चाहन्छन् भने सुरका लागि नियुक्त फरिशता हजरत ईसराफिल عليه السلام लाई जिउँदो गर्छन , त उहाँले दोश्रो चोटि सुर फुक्नेछन् र सबै मानिसहरु जिवित भइहाल्छ र कबरबाट यस्तो निस्कन्छन जस्तो कि अल्लाहले उनीहरुलाई प्रथम चोटि जन्म दिएको छ, नाँगो, बिना जुत्ता मोजा, र लिङ्गको अग्रभागको त्वचा न काटिएको,अल्लाह तआलाले भन्नु भयो

وَنُفِخَ فِي الصُّورِ فَإِذَا هُمْ مِنَ الْأَجْدَاثِ إِلَى رَبِّهِمْ يَنْسِلُونَ﴾

सुर फुकिने बित्तिकै यिनीहरु सबै आफ्ना चिहानहरुबाट निस्केर आफ्नो प्रभु तिर दगुर्नेछन् । अर्को ठाउँमा अल्लाह तआलाले भन्नु भयो:

يَوْمَ يَخْرُجُونَ مِنَ الْأَجْدَاثِ سِرَاعًا كَأَنَّهُمْ إِلَى نُصُبٍ يُوفِضُونَ * خَاشِعَةً أَبْصَارُهُمْ تَرْهَقُهُمْ ذِلَّةٌ ذَلِكَ الْيَوْمُ الَّذِي كَانُوا يُوعَدُونَ

जुन् दिन् उनीहरु चिहानबाट तिब्रताको साथ दौडदै निसकने छन् मानौं कि कुनै ठाउँतिर दौडदै गइरहेका छन्, उनीहरुका आँखा लाजले झुकि रहनेछन्, र अपमान उनीहरु माथि घेरि राखने छन् , यो नै त्यो दिन हो जसको उनीहरु सँग वाचा गरिदै थियो ।

र सबभन्दा पहिला हाम्रो नबी मुहम्मद ﷺ को कबर च्यातने छ , जस्तोकि उहाँले आफै भन्नु भयो, र त्यस पछि मानिसहरु महशर अर्थात एकत्रित हुने ठाउँतिर डोरयाउने छन् , र त्यो धेरै ठुलो ठाउँ हुन्छ, नासतिकहरु घोप्टेको अवस्थामा एकत्रित हुन्छ , रसूल ﷺ लाई प्रशन भयो कि नासतिकलाई घोप्टेको अवस्थामा कसरि उठाइन्छ त उहाँले भन्नु भयो «संसारमा जसले खुट्टा माथि हिंडाएको छ कयामतमा त्यहि घोप्टेको अवस्थामा हिंडाउने क्षमता राख्नु हुन्छ» (मुस्लिम - २८०६)

र यस्तो व्यक्तिहरु जो अल्लाह तआलाको स्मरण गर्दैन भने त्यसलाई अन्धो बनाएर उठाइन्छ, सुर्य चाहिं मानिरहरुको धेरै नजिक हुन्छ , र सबै आफ्नो आफ्नो कर्म अनुसार पसीनामा डुबिएको हुनेछन , कोहि आफ्नो घुँडा सम्म, कोहि आफ्नो कम्मर सम्म, त कोहि मुख सम्म पसीनामा डुबिएको हुनेछ, त्यहाँ यस्तो व्यक्तिहरु पनि हुनेछ जसलाई अल्लाहले आफ्नो छाँयामा जग्गा प्रदान गर्नेछन्, त्यो दिन अल्लाहको छाँया बाहेक अरु कुनै छाँया हुदैन, रसूल ﷺ ले भन्नु भयो

सात किसिमको व्यक्तिहरुलाई अल्लाहले आफ्नो छायामा जग्गा दिन्छ जुन दिन अल्लाहको छाया बाहेक अरु कुनै छाया हुदैन, न्याय गर्नेवाला हाकिम, अल्लाहको इबादत अर्थात पुजामा जीवन बिताएको युवक, र यस्तो व्यक्ति जसको मन् संधै मस्जिदमा टाँसिएको हुन्छ, र यस्तो दुइ जना जसले अल्लाहका लागि एक अर्का सँग माया गरेको, र उसैका लागि एकत्रित भएको र उसैका लागि बिभाजित भएको, र यस्तो व्यक्ति जसलाई सुन्दर र उच्च पदकि महिलाले पापको लागि बोलाउने भई तर उसले भन्नु भयो कि म अल्लाह सित डराउँ छु, र यस्तो व्यक्ति जसले लुकाएर दान गर्नु भयो र उसको बायाँ हातलाई पनि थाहा भएन कि दायाँ हातले के दान गरेको, र यस्तो व्यक्ति जसले एकलोमा अल्लाहलाई याद गर्नु भयो र उसको दुवै आँखाबाट आँसु आउन थाल्यो» (बुखारी - १४२३, मुस्लिम १०३१)

र यो पुरुषहरुको साथ मात्रै खास होइन, बरु महिलाहरुको कर्मको पनि लेखा जोखा हुन्छ, यदि राम्रो हुन्छ भने ठिक छ तर यदि नराम्रो हुन्छ भने प्रणाम ठिक हुदैन, महिलाहरुले पनि त्यस्तै बदला र प्रतिफल पाउनेछिन् जस्तोकि पुरुषहरुले पाउनेछन् कयामतको दिन मानिसहरुलाई अति तिर्खा लागेको हुनेछ, एक दिन पचास हजार ५0000 सालको बराबर हुनेछ, तर मोमिनहरुको लागि छिटै बितिहाल्छ, मात्र एउटा अनिवार्य नमाज पढने जति समय महसुस हुनेछ, मुस्लिमहरु नबी ﷺ को हौजको नजिक आएर त्यसबाट पानी पिउँछ (हौज एउटा ठुलो सम्मान हो जुन् अल्लाहले हाम्रो नबी मुहम्मद ﷺ का लागि खास गरेको छ कयामतमा उहाँको अनुयायीहरु त्यसबाट पानी पिउने छन जसको पानी दुध भन्दा अधिक सेतो, मधु भन्दा अधिक मिठो, र कसतुरि भन्दा अधिक सुगन्धित हुन्छ, आकाशमा भएको ताराहरुको संख्यामा प्याला हुनेछन, त्यसबाट एक चोटि पानी पिए पछि फेरि कहिल्यैं तिर्खा लागदैन),